बैठक नं. ७१

आज मिति २०८१ पुस ८ गते, सोमबार प्रमुख श्री सुनिल प्रजापतिज्यूको अध्यक्षतामा भक्तपुर नगरपालिका नगर कार्यपालिका बैठक भनपा वडा नं. २ स्थित नयां भवन व्यासीमा निम्न उपस्थितिमा बसी निम्न विषयमा छलफल र निर्णय गरियो :

***उपस्थिति***

१. प्रमुख श्री सुनिल प्रजापति

२. उप-प्रमुख श्री रजनी जोशी

३. वडाध्यक्ष श्री श्याम कृष्ण खत्री

४. वडाध्यक्ष श्री हरि प्रसाद बासुकला

५. वडाध्यक्ष श्री राज कृष्ण गोरा

६. वडाध्यक्ष श्री उपेन्द्र सुवाल

७. वडाध्यक्ष श्री योगेन्द्रमान बिजुक्छें

८. वडाध्यक्ष श्री हरिराम सुवाल

९. वडाध्यक्ष श्री उकेश कवां

१०. वडाध्यक्ष श्री कृष्ण प्रसाद कोजु

११. वडाध्यक्ष श्री रविन्द्र ज्याख्व

१२. वडाध्यक्ष श्री लक्ष्मी प्रसाद ह्यौमिखा

१३. कार्यपालिका सदस्य श्री रोशनमैया सुवाल

१४. कार्यपालिका सदस्य श्री छोरीमैया सुजखु (प्रजापति)

१५. कार्यपालिका सदस्य श्री सुनिता प्रजापति (अवाल)

१६. कार्यपालिका सदस्य श्री कृष्णप्यारी भुजु

१७. कार्यपालिका सदस्य श्री रञ्जना त्वाती

१८. प्रमुख प्रशासकीय अधिकृत श्री बसन्त भट्टराई

## ljifox? M

१. भक्तपुर महोत्सवमा सहभागीहरुलाई धन्यवाद ज्ञापन सम्बन्धमा ।

२. महोत्सवको भुक्तानी सम्बन्धमा ।

३. अरनिको सभा भवन निर्माण आयोजनाको जग्गा सम्बन्धमा ।

४. समिति निर्णय अनुमोदन सम्बन्धमा ।

५. विविध ।

## lg0f{ox? :-

१. भक्तपुर महोत्सव, २०८१ सफल पार्न सहयोग गर्नु हुने साँस्कृतिक समूह, प्रस्तुतीकर्ता, कलाकारलगायत सम्पूर्णलाई वडा वडाबाट वडास्तरमा धन्यवाद ज्ञापन गर्ने निर्णय गरियो ।

२. भक्तपुर महोत्सवको लागि वडाबाट भएको खर्चको भुक्तानी सम्बन्धित वडा वडाबाटै गर्ने निर्णय गरियो ।

३. भक्तपुर नगरपालिका वडा नं. ६, देकोचास्थित भक्तपुर नगरपालिकाबाट निर्माणाधीन अरनिको सभा भवनको स्वीकृति नक्सा ड्रइङ्ग अनुसार देको, मिवा, इतापाके जग्गा एकीकरण आवास योजनाबाट पारित नक्सा बमोजिम हाल भ.न.पा. वडा नं. ६ नक्सा सिट नं. १०२१११९४१६ कि.नं. २३२७ र २३२८ जग्गाको केही भागमा समेत परेको हुंदा अरनिको सभाभवन निर्माण योजनाको निर्माण समितिबाट पेश हुन आएको नक्सा अनुसारको जग्गा नगरपालिकाको नाममा उपलब्ध गराउन आयोजना कार्यालयलाई लेखी पठाउने निर्णय गरियो ।

४. समिति निर्णय अनुमोदन सम्बन्धमा छलफल हुँदा निम्नानुसार गर्ने निर्णय गरियो :

**<u>क. युवा तथा खेलकुद समिति</u>**

मिति २०८१।९।४ गते बसेको युवा तथा खेलकुद समितिको निम्न निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो :

१. भक्तपुर नगरपालिका वडा नं. २ को पत्रानुसार २ नं. वडाका महिला, युवा, विद्यार्थी, वृद्धवृद्धाहरुलाई २०८१ पुसको पहिलो हप्ताबाट छिकोङ्ग खेल प्रशिक्षण सञ्चालनको लागि प्रशिक्षक मुना बासुकलालाई प्रशिक्षणको लागि पठाउने निर्णय गरियो ।

२. भक्तपुर नगरपालिकाभित्रका संस्थागत तथा सामुदायिक विद्यालयका विद्यार्थीहरुलाई ३ महिने छिकोङ्ग खेल सञ्चालन गर्ने निर्णय गरियो ।

३. विविध विषयमा छलफल हुँदा निम्नानुसार गर्ने निर्णय गरियो :

क. यस न.पामा विभिन्न मितिमा आवश्यक खाजा उपलब्ध गराए वापत रु.३१,४१०।- ब्रदर्श क्याफे एण्ड भोजनालयलाई भुक्तानी दिने निर्णय गरियो ।

ख. यस न.पा.मा विभिन्न मितिमा आवश्यक खाजा उपलब्ध गराए वापत रु ८१,६७५।- चन्दायन स्विट्स्लाई भुक्तानी दिने निर्णय गरियो ।

ग. यस न.पा.मा विभिन्न मितिमा आवश्यक खाजा उपलब्ध गराए वापत रु ६,०००।- बाल कृष्ण खाजा घरलाई भुक्तानी दिने निर्णय गरियो ।

घ. यस न.पा. मा विभिन्न मितिमा आवश्यक खाजा उपलब्ध गराए वापत रु १९,९९०।- आर. के. जुस सेन्टरलाई भुक्तानी दिने निर्णय गरियो

ङ. यस न.पा.का का.स दयाराम आगन्जाले विविध खर्च गर्न रु. १०,०००।- पेश्की लिई रु. ११,९२९।- बराबरको खर्च बिल पेश गरेकोमा नपुग रकम रु. १,९२९।- भुक्तानी दिई निजको नाममा रहेको पेशकी फस्र्यौट गरी निजलाई थप रु. १०,००० पेशकी दिने निर्णय गरियो ।

च. भक्तपुर नगरपालिकाको आयोजनामा २०८१ मंसिर २८ देखि पुस २ गते सम्म सम्पन्न भक्तपुर महोत्सव – २०८१ को लागि आवश्यक तपसिल अनुसारको स्टलको कोटेशन माग गरी सबैभन्दा कम दररेट पेश गर्न तपसिल अनुसारको फर्महरुसँग दररेट स्विकृत गर्ने निर्णय गरियो :-

| क्र.सं | विवरण | परिमाण | फर्म/संस्था | दर रेट प्रति स्टल, प्रति दिन (भ्याट सहित) |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| १. | डोम स्टल | ६० वटा | इभेन्ट क्यारिएर प्रा.ली. | ३०००/- |
| | | | ग्लोवल एक्सपोजिसन | ३८१३। |
| | | | सूर्यविनायक पार्टी भेन्यू | ३४००। |
| २. | सामान्य स्टल | ६३ वटा | सूर्यविनायक पार्टी भेन्यू | ११३०/- |
| | | | ग्लोवल एक्सपोजिसन | २०३४। |
| | | | इभेन्ट क्यारिएर प्रा.ली. | १२००। |
| ३. | वाटर प्रुफ | २६ वटा | सूर्यविनायक पार्टी भेन्यू | २४८६/- |
| | | | ग्लोवल एक्सपोजिसन | ४५२०। |
| | | | इभेन्ट क्यारिएर प्रा.ली. | ३०००। |
| ४. | स्टेज | १ वटा | सूर्यविनायक पार्टी भेन्यू | ६२५०/- |
| | | | ग्लोवल एक्सपोजिसन | |
| | | | इभेन्ट क्यारिएर प्रा.ली. | |

छ. भ.न.पा. ५ स्थित भक्तपुर नगरपालिकाले निर्माण गरेको तरकारी बजारमा रहेका ४० वटा पसलहरु बहालमा दिनका लागि पछिल्लो पटक मितिः २०८१।०७।१४ गते समेत गरी ३ पटक दरभाउ पत्र आह्वान गर्दा जम्मा १७ वटा पसलको लागि मात्र दरभाउ पत्र पेश हुन आएको र २३ वटा पसल अझै खाली रहने भएकोले पटक पटक सूचना प्रकाशित गर्दा बहालमा लगाउन ढिला हुने र खर्च पनि बढ्ने भएकोले तोकिएको न्यूनतम अंक भन्दा घटी नहुने गरी वार्ताबाट बहालमा लगाउने सम्बन्धि मितिः२०८१।०८।११ गतेको सदर टिप्पणी अनुमोदन गरियो साथै वार्ताका लागि ५ नं.वडा कार्यालयलाई जिम्मा दिने निर्णय गरियो ।